नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १२६ | २०७७ साल मंसिर ३० गते मंगलबार (15 Dec. 2020 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेस महाधिवेशन : ... ३ पृष्ठमा : अपाङ्गता भएका ... ३ पृष्ठमा : विद्यालयमा आक्रमण गरी ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सरकारबिरुद्ध काँग्रेसको प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसको देश व्यापी बिरोध कार्यक्रम अन्तरगत सोमबार राजविराजमा पनि विशाल प्रदर्शन भएको छ ।

जिल्ला कार्यसमितीको अगुवाइमा गरिएको सरकार बिरुद्धको प्रदर्शनमा भातृ संगठन, स्थानिय तहका पार्टी समिति र जिल्लास्थित शुभेच्छुक संघ संस्थाका प्रतिनिधिका साथै ठुलो संख्यामा सर्वसाधारण समेत सहभागि भएका थिए ।

स्थानिय राजरंगशालाबाट निस्केको जुलुस सरकारबिरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रममा गरेका थिए । नगर परिक्रमा पश्चात् आयोजित बिरोध सभालाई सम्बोधन गर्दै काँग्रेस नेतृ चित्रलेखा यादवले ओली नेतृत्वको सरकार अधिनायक तर्फ अघि बढेको भन्दै यसलाई रोक्न काँग्रेस सडकमा ओर्लेको बताईन् ।

उनले वरिष्ठ नेता रामचन्द्र पौडेलमाथी १७ मंसिरमा तनहुमा भएको धरपकड अधिनायकवादकै एउटा नमूना भएको बताईन् । केपी ओली नेतृत्वको सरकारले लोकतन्त्र र प्रजातन्त्र नै सिध्याउन लागेको छ उनले भनिन्, जनताको बलिदानबाट प्राप्त यो उपलब्धी गुम्न नदिन काँग्रेस संघर्षको मोर्चामा अघि बढेको छ । सरकार हरेक मोर्चामा असफल भएको छ उनले भनिन्, जनता कोरोनाको मारका साथै औषधी र मलखादको अभावमा कष्ट भोगि रहेका छन् तर ओली सरकार सत्ताको लडाई र भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ ।

देशमा हत्या, हिंसा र बलात्कारका घटना ह्वात बढ्दा पनि सत्ताको खेलमा रमाउने वर्तमान सरकार संविधानको धारा समेत कुल्चेर एकपछि अर्को विभिन्न निर्णय गरेको उनको आरोप छ । वर्तमान सरकार दुई तिहाईको दम्भ देखाउँदै अघि बढेको उनले थपिन्, काँग्रेसले आन्दोलनमार्फत नै सरकारको घमण्ड तोडेरै छोड्ने छ ।

नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवको अध्यक्षतामा आयोजित बिरोध सभामा अन्य सहभागि वक्ताहरुले ओली सरकारको क्रियाकलाप अधिनायकतर्फ अघि बढेको भन्दै आन्दोलनमार्फत नै तह लगाउने चेतवानी दिएका थिए ।

# माछा मार्ने क्रममा दुई पक्षबीचको झडपमा एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

सप्तरीको बोदेबरसाईन नगरपालिकामा आइतबार राती दुई पक्षबीच सार्वजनिक पोखरीमा माछा मार्ने विषयमा उत्पन्न विवादले उग्ररुप लिएपछि भएको झडपमा एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बोदेबर्साइन नगरपालिका ३ की ४५ वर्षीया गंगियादेवी मण्डल रहको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । उनलाई झडपका क्रममा टाउँकोमा गम्भिर चोट लागेका कारण घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

माछा मार्ने विषयमा आइतबार राती १० बजेतिर दुई पक्षबीच भएको विवादका क्रममा एक अर्कामाथी बन्चरो, भाटा लगायतका घरेलु हतियारले प्रहार गरेको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता समेत रहेका डिएएसपी भुवनेश्वर साहले झडपमा सोही वडाका जयनारायण मण्डल, सोबिन्द्र मण्डल, धिरज मण्डल र जोगिन्द्र मण्डल घाइते भएको जनाएका छन् । उनीहरुको लहानस्थित कामना नरसिंह होममा उपचार भइरहेको छ ।

यता घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही वडाका शिवशरण मण्डल, बिजय मण्डल, सुरेन्द्र मण्डल र रबित मण्डललाई पक्राउ गरेको डिएसपी साहले जानकारी दिए ।

# दुई करोड ५३ लाखको लगानीमा स्वास्थ्य चौकी भवन निर्माण



**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरमा सोमबार सुविधा सम्पन्न स्वास्थ्य चौकी संचालनमा आएको छ ।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले उक्त स्वास्थ्य चौकी भवनको एक समारोहबीच उद्घाटन गरेका हुन् ।

स्वास्थ्य चौकी भवनको उद्घाटन गर्दै सामाजिक विकास मन्त्री साहले प्रदेशका सबै स्थानिय तहमा आधारभुत स्वास्थ्य सेवा पुऱ्याउन आफू लागि परेको बताए । विगत ३० वर्षमा हुन नसकेको विकास कार्य दुई महिनामै प्रदेश २ सरकारले गरेर देखाइदिएको दाबी गर्दै उनले उपचारको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने सोचका साथ आफूहरु अघि बढेको बताए ।

उनले यस स्वास्थ्य केन्द्रमा तीन महिनाभित्र प्रसुती सेवासमेत संचालनको व्यवस्थाको साथै आवश्यक जनशक्ति, औषधी र उपकरण समेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । मन्त्री साहले बिरामीले घरदैलोमै उपचार सेवा पाउनेगरि प्रदेश सरकार अघि बढेको र यसमा सबै पक्षको सकारात्मक सहयोगको आवश्यकता औल्याए ।

उद्घाटनसँगै १३ कोठे दुई तल्ले स्वास्थ्य चौकी भवनबाट थप

*बाँकी दुई पृष्ठमा*



# आगलागीबाट एक करोड बराबरको क्षति

मलङ्गवा, २९ मङ्सिर (रासस) ।

सर्लाहीको हरिवन नगरपालिकामा आइतबार राति कपडा गोदाममा आगलागी हुँदा रु एक करोड बराबरको क्षति भएको छ ।

वडा नं ११ स्थित बजारमा रहेको कैलाश साह र सञ्जय साहको कपडा गोदाम, कमल कार्कीको घरमा र महेश साहले सञ्चालन गर्नुभएको कपडा पसलमा आगलागी हुँदा रु एक करोडभन्दा बढीको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिनुभयो ।

आइतबार राति १२:४० बजे कपडा गोदाम र पसलमा आगलागी भएको थियो । नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयवासी र बारुण यन्त्रको सहयोगमा राति २:२० बजे आगो नियन्त्रणमा आएको थियो । घरका सामान आंशिक रुपमा र कपडा पसल पूर्ण रुपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । आगलागी कसरी भयो भन्ने यकिन हुन सकेको छैन ।

### दुई करोड ५३ ...

सेवासहितको उपचार सेवा समेत प्रारम्भ भएको छ । सहरी विकास मन्त्रालयको सहयोगमा मुल्य अभिबृद्धी कर बाहेक २ करोड ५३ लाखको लगानीमा निर्माण गरिएको स्वास्थ्य चौकी भवनबाट बहिरङ्ग सेवाका साथै सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, क्षयरोग, औलो तथा कुष्ट रोग नियन्त्रण लगायत १६ वटा स्वास्थ्य सेवा प्रदान गरिने स्वास्थ्य चौकीका प्रमुख योगेन्द्र प्रसाद करोडिया यादवले जानकारी दिए ।

कार्यक्रममा जग्गादाता शैलेन्द्र चन्द्र झालाई प्रमुख अतिथि मन्त्री साहले दोसल्ला ओढाई सम्मान गरेका थिए । समाजसेवी एवं सप्तरीका चर्चित राजनीतिज्ञ स्व. कृष्णदेव झा र उनका धर्मपत्नि स्व. तारादेवी झाको स्मृती एवं सम्मानमा उनकै छोरा शैलेन्द्र चन्द्र झा र बुहारी संजुदेवीले स्वास्थ्य चौकी भवन निर्माणका लागि झण्डै डेढ करोड मुल्य पर्ने सात कठ्ा जग्गादान गरेका थिए ।

नागेश्वर मण्डलको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, हनुमाननगर कंकालिनी नगरपालिकाका उपप्रमुख सरितादेवी यादव, काँग्रेसका वरिष्ठ नेता नागेन्द्र झा, जसपा नेता जयप्रकाश ठाकुर लगायतले पनि शुभकामना दिएका थिए ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कांग्रेस महाधिवेशन : देउवा कि निधि ?



**बजरंग नेपाली**

कांग्रेसको १४औं महाधिवेशनलाई आन्तरिक विवादभन्दा पनि मूलतः कोभिडले नै प्रभावित गरेको हो । यस्तो अवस्थामा महाधिवेशनमा कसरी जाने वा नजाने भन्ने विषयमा नेताहरु अलि द्विविधाग्रस्त नै छन् । आन्तरिक कुरा भन्नुपर्दा कतिपय जिल्लाहरुमा समायोजन पनि भएको छैन । महाधिवेशनका सम्पूर्ण कुराहरु अवरुद्ध हुने कारण कोभिड नै हो । अस्ति केन्द्रीय समितिको बैठकबाट द्विविधाग्रस्त अवस्थामा भए पनि फेरि नयाँ क्यालेन्डर आएको छ । सो क्यालेन्डरमा हामीले मंसिरभित्र क्रियाशील सदस्यताको काम अगाडि बढाउनुपर्छ । पहाड र हिमालका जिल्लाहरुमा अहिले चिसो बढेको छ र तराई-मधेशको जिल्लाहरुमा पनि आफ्नै किसिमको समस्याहरु भएको हुनाले प्रयास भइरहेको छ, अब कतिसम्म सफल हुन्छ हेर्न बाँकी छ ।

कोभिड रहेसम्म कांग्रेसको महाधिवेशन सम्पन्न हुने अवस्था छैन भन्ने होइन । यसभित्र थुप्रै कुराहरु छन् । हाम्रो छिमेकी राष्ट्र भारतकै उदाहरण हेर्ने हो भने कोभिडकै सन्त्रासको बीचमा त्यहाँको सरकारले बिहारमा निर्वाचन त गराएकै हो । अमेरिका जस्तो देश जहाँ कोभिडको आतंक छ, त्यहाँ पनि समयमै निर्वाचन भयो । त्यसकारणले सरकारको समस्याले गर्दा पनि ढिलाइ भइरहेको छ । पार्टीले पनि आफ्नो स्पष्ट धारणा बनाउनुपर्छ । हामीले धेरै ढिलो पनि गर्नु हुँदैन । किनभने वैधानिक समस्या पनि छ, संवैधानिक संकट पनि आउन सक्छ । महाधिवेशनका लागि आगामी भाद्रसम्म अन्तिम म्याद हो । त्यसले गर्दा हामीले समयमै महाअधिवेशन गर्नुपर्छ ।

केन्द्रीय समितिले त फागुनमै महाधिवेशन गर्ने भनेर ठोस निर्णय नै गरेको हो तर हाम्रो जुन क्यालेन्डर छ त्यसलाई व्यवस्थित गर्ने कुरामा छलफल भइरहेको छ । फागुनमै भएन भने एक दुई महिना सारेर क्यालेन्डरलाई व्यवस्थित गर्ने कुरा हुन्छ । अर्को विकल्पै छैन हामीसँग । कोभिड रहेपनि वा नरहेपनि हामीले समयसीमा भित्र महाधिवेशन गर्नैपर्ने हो । कोभिडको मामिला केपी ओलीको सरकार अत्यन्त उदासीन, गैरजिम्मेवार रहेकोले यो अवस्था सिर्जना भएको हो ।

कोरोनाको मामिलामा प्रदेश २ को वीरगन्ज हटस्पट नै रह्यो, त्यस्तै अन्य-अन्य ठाउँहरुको अवस्था त्यस्तै थियो । प्रदेश २ कोरोनामुक्त छ भनेर सरकारले भनिरहेको छ, मलाई एकदम अचम्म लाग्छ । महोत्तरी जिल्लाको कुरा गर्दा कोरोनासम्बन्धी जुन बैठक हुन्छ, त्यसको बैठक नबसेको दुई महिनाभन्दा बढी भइसक्यो । महोत्तरी जिल्लामा टेष्ट नै भइरहेको छैन । यहाँ पटक्कै कोरोना छैन भन्न मिल्छ ? प्रदेश २ मा सरकारको उदासीनताले कोरोना झन् बढिसकेको छ । कोभिड एउटा आफ्नै ठाउँमा समस्या हो तर छैन भन्न मिल्दैन ।

अब कुरा गरौं प्रदेश २ मा हाम्रो महाधिवेशनको अवस्थाबारे । लकडाउनको अवधिमा प्रदेश २ को प्रायः जिल्लाहरुमा समायोजनको काम रोकिएको थियो । त्यो समायोजनको काम नहुने कारण पनि कोभिड नै हो । हाम्रो आन्तरिक केही समस्याहरु पनि हो । तर जिल्लाहरुबाट लगभग सबै पठाइसकेका छौं । कोभिडले गर्दा निर्वाचन समितिका पदाधिकारीहरु बस्न सक्नुभएको छैन । तर पनि प्रदेश २ को दुई वा तीन वटा जिल्लामा मात्रै समायोजनको काम सम्पन्न हुन बाँकी छ । तर फागुनमै महाधिवेशन हुन्छ भन्ने कुरामा कोही पनि ढुक्क छैनन् ।

कांग्रेसमा आगामी महाधिवेशनबाट कस्तो नेतृत्व आउने भन्ने कुराको निर्णय देशैभरिका प्रतिनिधिहरुले निर्णय गर्ने हो । किनभने महाधिवेशनको कस्तो माहौल निर्माण हुन्छ, कस्ता व्यक्तिहरु उम्मेदवार बन्नुहुन्छ त्यसको निष्कर्ष महाधिवेशनले गर्ने हो । १३औं महाधिवेशनमा पनि युवा पुस्ताका साथीहरुलाई जोड्ने प्रयास महाधिवेशनले गरेकै हो । हामी पनि चाहन्छौं कि यो महाधिवेशनबाट नयाँ अनुहारहरु आऊन्, युवा नेतृत्व आऊन् । नयाँ अनुहार भनेको नेपाली कांग्रेसलाई हाँक्न सक्ने सक्षम र योग्य व्यक्तिहरु हुन्, चाहे त्यो पूराना पुस्ता हुन् वा नयाँ पुस्ताका ।

कांग्रेसको सभापतिका लागि विमलेन्द्र निधिजीको सम्भावना कति छ भनेर त म भन्न सक्दिँन वा अहिलेका वर्तमान सभापतिजीले के गर्नु हुन्छ त्यो उहाँको क्षेत्राधिकारको कुरा हो । तर, विमलेन्द्र निधि अहिले उपसभापति पनि हुनुहुन्छ । उहाले उम्मेदवारी दर्ज गर्नुभएको छ, त्यसलाई पार्टीभित्र अत्यन्त सकारात्मकरुपमा बहस चलिरहेको छ । उहाँ योग्य र सक्षम व्यक्तित्व नै हुनुहुन्छ । कांग्रेसमा स्थायी ध्रुवीकरण भइरहेको छ । तर सबै कुराको निधो त महाधिवेशनले नै गर्ने हो । महाधिवेशनका साथीहरुले विमलजीलाई साथ दिन्छन् कि अन्यलाई यो समयले बताउँला । तर विमलको उम्मेदवारीलाई सबैले सकारात्मकरुपले बहस गरिरहेका छन् ।

सभापति शेरबहादुर देउवा र आदरणीय उपसभापति विमलेन्द्र निधिको पार्टीमा लामो इतिहास पनि छ । पार्टीभित्र नेपाल विद्यार्थी संघको सक्रिय नेतृत्वदायी भूमिकाबाट उहाँहरु यतिसम्म आउनुभएको छ । अहिलेसम्म हामीले बुझ्दा उहाँहरुको बीचमा पार्टीको गाह्रो-साह्रो अवस्थामा एकै ठाउँमा उठ-बस हुने, एकअर्कालाई स्वीकार गर्ने, सरसल्लाहले अगाडि बढ्ने हामीले हेर्दै छौं । अब सभापतिजीले के गर्नुहुन्छ भन्न सकिन्नँ । विमलेन्द्र निधिजीले सभापतिजीलाई आग्रहसमेत गर्नुभएको छ । अब उहाँहरु के गर्नुहुन्छ त्यो म भन्न सक्दिँन । तर उहाँहरु एकै ठाउँमा बसेर धेरै समय बिताउनुभएको छ । अब हेरौं उहाँहरु कसरी अगाडि बढ्नुहुन्छ ।

विमलेन्द्र निधिलाई सभापति देउवाले सघाउनु हुन्छ होला । सभापतिमा थुप्रै जनाको उम्मेद्वारी छन् । तर विमलेन्द्रको उम्मेद्वारीले पार्टीभित्र एउटा नयाँ ध्रुवीकरणको परिस्थिति निर्माण गर्दैछ । पार्टीको आन्तरिक ध्रुवीकरणमा कुनै बेला केपी भट्टराई र गिरिजा प्रसाद कोइरालाको कुरा आउँथ्यो, यता आएर जसरी शेरबहादुर देउवा, गिरिजाप्रसाद कोइरालाको आयो, पछि वरिष्ठ नेता रामचन्द्र पौडेल र देउवाजीको कुरा आयो । यी सबै कालखण्डमा विमलेन्द्र निधिजी र शेरबहादुर देउवाजी एउटै ठाउँमा देखिनुभयो । तर अहिले शेरबहादुरजीले आफ्नो

*बाँकी तीन पृष्ठमा*


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*कांग्रेस महाधिवेशन ...*

उम्मेदवारी कायम राख्नुभएको छ र त्यहीं खेमाबाट विमलेन्द्रजीले आफ्नो उम्मेद्वारीको घोषणा गर्नुभएको छ। त्यसले गर्दा पार्टीमा एउटा नयाँ किसिमको धुवीकरणहरु बन्ने सम्भावनाहरु देखिंदैछन्। अन्य उम्मेद्वारहरु पनि हुनुहुन्छ।

जनताले पाँच वर्षका लागि नेकपालाई जनादेश दिइसकेको छ र नेपाली कांग्रेसलाई प्रतिपक्षमा बस भनेर जनादेश छ। त्यसले गर्दा अहिले नेकपाका नेताहरु ठूलो गैरजिम्मेवारीपूर्ण कामहरु गर्दै हुनुहुन्छ। किनभने नेपालमा राजनीतिक स्थिरता र शान्ति हुनुपर्छ। स्थिरता हुँदैन भने देशले आर्थिक विकास गर्दैन, आर्थिक समृद्धि आउँदैन। नेपाल कम्युनिष्ट पार्टीका प्रधानमन्त्री केपी ओली र प्रचण्डबीच जुन द्वन्द्व चलिरहेको छ, त्यसले देशमा एउटा नयाँ अवस्था सिर्जना गर्न सक्छ। त्यसले गर्दा जनादेशविपरीत काम कतैबाट पनि हुनु हुँदैन। नेपाली कांग्रेस यस मामिलामा एकदम प्रष्ट छ। जनताले नेकपालाई ६ वटा प्रदेश र देश चलाउन संघमा दुई तिहाइ नजिकको जनमत दिएको छ। त्यसलाई नेकपाका नेताहरुले कदर गर्नुपर्छ भन्ने हाम्रो बुझाइ हो। प्रतिपक्षी दलका नेता र सत्तापक्षका नेताहरुबीच भेटघाटका कुराहरु भइरहन्छ।

*मधेश दर्पण फिचर सेवा*

# अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच बढाउन सुझाव

काठमाडौं, २९ मङ्सिर (रासस)।

अपाङ्गता भएका बालबालिकालाई कोभिड-१९ पछि वैकल्पिक माध्यमबाट शिक्षा दिन निकै गाह्रो भइरहेको छ। विद्यालय वा आफ्ना साथीसँग खेलेर रमाउँदै सिक्ने बानी परेका ती बालबालिकालाई अनलाइन माध्यमबाट घरमा ध्यान केन्द्रित गराएर सिकाउन कठिन भएको हो।

बौद्धिक अपाङ्गता, अटिजम, श्रवणदृष्टिविहीन, डाउन सिन्ड्रोम भएका बालबालिकाको सिकाइ निरन्तरतामा सहजीकरणका लागि तीन तहका सरकार र समुदायको पहल आवश्यक देखिएको छ।

अपाङ्गता मानवअधिकार प्रवर्द्धन समाजले नेपालस्थित अस्ट्रेलियाली दूतावासको सहयोग र शिक्षा पत्रकार समाजको सहकार्यमा भर्चुअलरुपमा आयोजना गरिएको 'कोभिड-१९ को महामारीको पृष्ठभूमिमा नेपालमा समावेशी शिक्षाको कार्यान्वनको अवस्था' सम्बन्धी छलफलमा समावेशी शिक्षा नीतिको कार्यान्वयन नभएमा विपद्का समयमा अपाङ्गता भएका बालबालिकाको सिकाइमा सहज नहुने बताइएको हो।

राष्ट्रियसभाका सदस्य डा बिमला पौडेलले संविधानमा भएको मौलिक हकअनुसार सबै प्रकारका बालबालिकाको शिक्षामा समान अधिकार दिन र पहुँच वृद्धि गर्न तीनै तहका सरकार सक्रिय हुनुपर्ने बताउनुभयो। शिक्षाविद् प्राडा वासुदेव काफ्लेले स्थानीय तहमा ज्ञान, सूचना र स्रोत केन्द्रको स्थापना गर्न आग्रह गर्दै विपद्का समयमा त्यस्ता स्रोत केन्द्र सधैं कामयावी हुने बताउनुभयो। उहाँले राष्ट्रिय शिक्षा नीतिले समावेशी शिक्षालाई उच्च महत्व दिन नसकेको जनाउँदै राष्ट्रिय नीति र अन्तर्राष्ट्रिय अभिसन्धीको कार्यान्वयनका लागि समावेशी संयन्त्र निर्माण गर्न सुझाव दिनुभयो।

राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि हरि ज्ञवाली र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहप्रवक्ता डा दिव्या दवाडीले विद्यमान शैक्षिक नीतिभित्र समावेशीताको पक्षमा सरकारका पहललाई बढाउन सबैको सहयोग पर्ने उल्लेख गर्नुभयो।

अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था र शिक्षा समूहका संयोजक डा लक्ष्मी पौडेलले बनेको उपयुक्त नीतिको कार्यान्वयनका लागि तीनै तहका सरकार सशक्त हुनुपर्ने र गैह्रसरकारी संस्थाले सहकार्य बढाउनुपर्ने बताउनुभयो। अपाङ्गता मानव अधिकार प्रवर्द्धन समाजका अध्यक्ष सुदर्शन सुवेदीले कोभिड-१९ को महामारीले सबैभन्दा धेरै अपाङ्गता भएका व्यक्तिलाई प्रभावित पारेको र यसमा तिनै तहका सरकार थप गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## विद्यालयमा आक्रमण गरी ३०० भन्दा बढी विद्यार्थीको अपहरण

लागोस, २९ मङ्सिर (रासस/सिन्ह्वा)।

नाइजेरियाको लागोसमा शुक्रबार र आइतबार अज्ञात बन्दुकधारीले गरेको आक्रमणका कारण यहाँका कम्तीमा पनि ३०० जना विद्यार्थी बेपत्ता भएका बताइएको छ। यहाँका सुरक्षा अधिकारीहरुले दिएको जानकारीअनुसार बन्दुकधारीहरुले गरेको सो हमलामा परी ती बालबालिका हराएका हुन्।

नाइजेरियाको उत्तर पश्चिमी राज्य कातसिनाको एक प्राथमिक विद्यालयमा सो हमला भएको हो। सो राज्यका गभर्नर अमिनु मासारीले सो जानकारी दिनुभएको छ। उहाँले शुक्रबार र आइतबार सो विद्यालयमा गरिएको हमलाका कारण सो विद्यालयका ३०० भन्दा बढी विद्यार्थी सम्पर्कविहीन भएको बताउनुभएको हो।

सो विद्यालयमा ८३९ जना विद्यार्थी अध्ययनरत छन्। अज्ञात बन्दुककारीहरुले ती विद्यार्थीहरुलाई अपहरण गरेर लगेको हुनसक्ने अनुमान गरिएको छ। ती बालबालिकाका अभिभावकहरुले आफ्ना छोराछोरी अपहरणमा परेकोले तत्कालै खोजी गरिदिन आग्रह गरेका छन्। नाइजेरियाका राष्ट्रिय सुरक्षा सल्लाहकारले पनि अपहरणमा परेका ती बालबालिकाको उद्धारका लागि कडा सुरक्षाका साथ काम गर्न उक्त राज्यको सरकारलाई आग्रह गर्नुभएको छ।

नाइजेरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार बबग्ना मगुनोले कातसिना राज्य सरकारलाई सो आग्रह गर्नुभएको समाचारमा जनाइएको छ। उता गभर्नर मासुरीले राज्यका सबै बोर्डिङ स्कूलहरु बन्द गर्न सबैलाई आग्रह गर्नुभएको छ। पछिल्लो समयमा विद्यालयमा असुरक्षा बढेको भन्दै अब विद्यालय नै बन्द गरेर खोजी कार्य जारी राखिने बताउनुभयो।

नाइजेरियाको बोको हराम आतङ्ककारी समूहले विद्यालयबाट विद्यार्थीहरुलाई अपहरण गरेर लैजाने र आफ्नो शैन्य समूहमा भर्ती गर्ने गर्दछन्। तर यो पछिल्लो पटक भएको अपहरणको घटनाको बारेमा भने उनीहरुले केही बताएका छैनन्। सरकारले भने सो समूहले ती बालबालिका अपहरण गरेको हुनसक्ने जानकारी गराएको छ।

## आतङ्ककारी आक्रमणमा ६ सुरक्षा अधिकारी मारिए

कुन्दुज, अफगानिस्तान, २९ मङ्सिर (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजमा तालिबान लडाकू समूहले एक सुरक्षा जाँचचौकीमा गरेको आक्रमणमा परी कम्तीमा छ जना अफगान सुरक्षा बलको ज्यान गएको जिल्ला गभर्नर महबोउबुल्लाह सयेदीले बताउनुभएको छ।

कुन्दुज प्रान्तको इमाम साहिब जिल्लामा स्थानीय समयानुसार सोमबार दिउँसो २ बजे सो आक्रमण भएको समाचारमा जनाइएको छ। यस आक्रमणमा परी अन्य तीन सुरक्षा अधिकारी घाइते भएका छन् भने तीन जना बेपत्ता भएका छन्। आक्रमणको बेला भएको यस दोहोरो भिडन्तमा तालिबानतर्फ हताहत भएको तर यसको यकिन सङ्ख्या भने थाहा नभएको जनाइएको छ।

अफगानिस्तानको राजधानी काबुलबाट २५० किलोमिटर उत्तरमा पर्ने कुन्दुज प्रान्त सक्रिय रहेका तालिबान लडाकू समूहले भने यस आक्रमणको कुनै टिप्पणी गरेका छैनन्।

## भारतमा कोरोना सङ्क्रमित ९८ लाख ८४ हजार

नयाँदिल्ली, २९ मङसिर (रासस-एएनआई)।

भारतमा कोरोनाभाइरस सङ्क्रमित व्यक्तिको सङ्ख्या ९८ लाख ८४ हजार पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। पछिल्लो चौबीस घण्टामा भारतमा २७ हजार नयाँ संक्रमित फेला परेका छन्। त्यस्तै २४ घण्टाको अवधिमा ३३६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ। यो सहित भारतमा कोरोनाभाइरसको संक्रमणबाट कूल १ लाख ४३ हजार ३५५ जनाको मृत्यु भएको छ।

मन्त्रालयका अनुसार भारतमा अझै पनि ३ लाख ५२ हजार ५८६ जना सक्रिय सङ्क्रमित अवस्थामा रहेका छन्। हालसम्म ९३ लाख ८८ हजार व्यक्ति कोरोनाभाइरसको सङ्क्रमणबाट मुक्त भएका छन्। भारतमा सर्वाधिक असर परेको महाराष्ट्र राज्यमा ७५ हजार व्यक्तिमा सक्रिय सङ्क्रमण छ र उनीहरु प्रदेशका विभिन्न अस्पतालमा उपचार गराइरहेका छन्।

केरलामा पनि झण्डै ६० हजार तथा नयाँ दिल्लीमा १७ हजार व्यक्ति सक्रिय सङ्क्रमित छन्। यसैबीच भारतीय स्वास्थ्य अनुसन्धान परिषदले देशभर १५ करोड ४६ लाख नमूना परीक्षण गरेको जनाएको छ।

## डुङ्गा दुर्घटनमा परी कम्तीमा १४ को मृत्यु

कराकस, २९ मङ्सिर (रासस/एएफपी)।

त्रिनिदाद र टोबागोका लागि प्रवासी बोकेका एक जहाज दुर्घटना हुँदा कम्तीमा १४ व्यक्तिको मृत्यु भएको भेनेजुएला सरकारले आइतबार जानकारी दिएको छ। भेनुजुएला सरकारले प्रकाशित गरेको एक विज्ञप्तिमा ११ ओटा शव तटीय गार्डले शनिबार दिउँसो फेला पारेको जनाइएको छ। सोमबार पनि दुई वयस्क एक महिलाको शव भेटिएको र यसैसँगै यस दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या १४ पुगेको हो।

त्रिनिदादियन तटरक्षक दलले शनिबार भेनेजुएलाका अधिकारीलाई भेरेजुएलाको तटीय शहर गुइरियाको नजिकैको पानीमा ११ जनाको शव फेला परेको जनाइएको छ। एक प्रहरीले दिएको प्रतिवेदनअनुसार शवहरु गह्रौं छालबाट आफूलाई बचाउने क्रममा जोडिएका जस्तो देखिएको छ। सन् २०१८ र २०१९ गुरिआबाट त्रिनिदादको खतरनाक यात्राको क्रममा करिब १०० व्यक्ति बेपत्ता भएका जनाइएको छ।

# ज्योती लाइफ इन्स्योरेन्सले बिमित परिवारलाई दियो मृत्यु दाबी रकम



**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
ज्योती लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड राजविराज शाखाले सोमबार एक बिमित परिवारलाई मृत्यु दाबी रकम भुक्तानी वापतको चेक हस्तान्तरण गरेको छ ।

राजविराज ७ निवासी स्व. बसन्त जैनले इच्छाएको व्यक्ति उनकी श्रीमती ममता जैनलाई मृत्यु दाबी रकम भुक्तानी अन्तरगत ५ लाख २२ हजार ५ सय रकमको चेक हस्तान्तरण गरिएको हो । बसन्त जैनको गत असोज ५ गते हृदयघातबाट मृत्यु भएको थियो ।

मृतक जैनले एक वर्षअघि १५ वर्षे जिवन बिमा अन्तरगत ५ लाख रकमको बीमा गराएका थिए । पहिलो किस्ता तिरेका जैनको मृत्यु भएपछि कम्पनीले सो रकम र लाभांस गरि उक्त रकम हस्तान्तरण गरेको शाखाकी प्रबन्धक जुही ठाकुरले जानकारी दिएकी छिन् । उनले यस शाखाबाट विमितको मृत्यु पश्चात् रकम हस्तान्तरण गरिएको यो पहिलो पटक भएको जानकारी दिइन् ।

कम्पनीको कार्यालयमा आयोजित रकम हस्तान्तरण कार्यक्रममा बिमा गराउने अभिकर्ता अजय झासहित शाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# स्वतन्त्र प्यानल बनाएर चुनाव लड्ने नेतृ गिरीको उद्घोष




**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
महिला नेतृ सरिता गिरीले स्वतन्त्र प्यानल बनाएर चुनाव लड्ने उद्घोष गरेकी छिन् ।

सोमबार राजविराजस्थित शिव मन्दिरको प्राङ्गणमा आयोजित मधेश जनसभामा बोल्दै नेतृ गिरीले मधेशी जनताले चुनावमा साथ दिए पाँच बर्ष भित्र समग्र मधेश एक प्रदेश बनाउने दाबी समेत गरिन् ।

मधेशी जनताको मुक्तीको लागि स्वतन्त्र प्यानल बनाएर स्थानिय निकायमा लड्न आग्रह गर्दै उनले मधेशी जनताको हातमा स्थानिय निकाय आएमा स्वतह एक मधेश प्रदेश हुने बताइन् ।

उनले सभालाई सम्बोधन गर्दै भनिन्, "जुन संसदमा आफ्नो बिवेक, अभिब्यक्तीको अधिकार प्रयोग गर्न बन्चित गरिन्छ त्यो संसदले जनताको समस्या कसरी सामाधान गर्न सक्छन् ।"

कम्युनिष्ट सरकारले स्थानिय निकायलाई बलियो र प्रदेश सरकारलाई कमजोर बनाएको बताउदै उनले भनिन्, संघियता नामको मात्र हो त्यहाँ नेपाली काँग्रेस र कम्युनिष्टले नै कब्जा गरेका छन् ।

भारत र चिन सँग लडाई गर्न नसक्ने, बारम्वार राष्ट्रलाई बन्धक बनाएकोले सबै भन्दा बढी मधेशलाई शोषण र दमन गरिएको उनको आरोप छ । उनले टीकापुर, लाल आयोग र मलेठ घटनाको प्रतिवेदन सार्वजनिक नगरेर मधेशी जनतालाई अझै अन्यौलमा राखिएको बताइन् ।

सुब्बी यादवको अध्यक्षतमा आयोजित सभामा नेतृत गिरी समर्थक अन्य नेताहरु समेतले मन्तव्य राखेका थिए ।

# विभिन्न मुद्दामा पक्राउ परेकाहरुलाई अदालतबाट कैद र जरिवाना

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
जिल्ला अदालत सप्तरीले लागु औषध, बहुविवाह तथा जबरजस्तीकरणी मुद्दामा पक्राउ परेका प्रतिवादीहरुलाई सजाय सुनाएको छ ।

लागु औषध मुद्दामा २०७७ असोज २४ गते पक्राउ परेका जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ बस्ने राजेश कुमार साहलाई सप्तरी जिल्ला अदालतले २ हजार जरिवाना र २ महिना कैदको फैसला सुनाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

त्यस्तै सोही मुद्दामा २०७७ कात्तिक ३ गते पक्राउ परेका राजबिराज नगरपालिका वडा नं.४ निवासी मो.समिर अन्सारीलाई जिल्ला अदालतले १ महिना १५ दिन कैदको फैसला सुनाएको छ ।

त्यसैगरि बहुविवाह मुद्दामा साविकको बनौली गाविस वडा नं. १ निवासी सुन्दर कुमार लौगीलाई ६० हजार जरिवाना र रेखा सन्तलाई ४० हजार धरौटी लिई तारेख रिहा गर्ने अदालतले फैसला गरेको प्रहरीले जनाएको छ । उनीहरु बिरुद्ध साविकको ठेलिया गाबिस वडा नं. ९ निवासी प्रमिला मण्डलले २०७७ कात्तिक ३० गते जाहेरी दिएकी थिइन् ।

यस्तै शम्भुनाथ नगरपालिका वडा नं. २ निवासी एक महिलालाई जबरजस्तीकरणी गरेको मुद्दामा शम्भुनाथ नगरपालिका वडा नं. ५ निवासी गोताई राम चमारलाई अदालतको ८ बर्ष कैद र १० हजार जरिवाना तोकेको छ ।

# हात्तिको आक्रमणबाट जोगिन भाग्दै गर्दा बेहोस भएका साहको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ मंसिर ।**
हात्तिलाई देख्ने बित्तिकै ज्यान जोगाएर भाग्ने क्रममा लडेर बेहोस भएका एक बृद्धको उपचारको क्रममा मृत्यु भएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका ३ दौलतपुर निवासी ७० वर्षिय सिताराम साहको उपचारका क्रममा मृत्यु भएको हो ।

सोमबार मध्यरात घर बाहिर पिसाब फेर्न निस्केको बेला दुई वटा हात्तिलाई देखेपछि ज्यान जोगाउन भाग्ने क्रममा साह लडेर बेहोस भएका थिए । बेहोस भएपछि स्थानियहरुले उपचारका लागि लहानस्थित सप्तऋषि अस्पतालमा पुऱ्याएका थिए । सोही अस्पतालमा उपचारकै क्रममा सोमबार बिहान ४ बजेतिर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्रबाट आउने गरेका जंगली हात्तिले केही दिनयता सो क्षेत्रमा उतपात मच्याउने गरेको छ ।

# हात्तीको आक्रमणबाट एकको मृत्यु

इनरुवा, २९ मङ्सिर (रासस) ।
सुनसरीको कोशी गाउँपालिका-७ मा जङ्गली हात्तीको आक्रमणबाट सोमबार बिहान एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा वडा नं ६ श्रीपुरजब्दीका २८ वर्षीय प्रमोद यादव रहेको जनाइएको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट निस्केर आएको मकुना हात्तीको आक्रमणबाट यादवको मृत्यु भएको हो । आइतबार राति आरक्षबाट आएको हात्तीले आज बिहान फर्किने क्रममा आफ्नै खेतमा काम गरिरहेका यादवलाई आक्रमण गरेको थियो । हात्तीको आक्रमणबाट यादवको घटनास्थलमै मृत्यु भएको स्थानीयवासी धर्मेन्द्र मेहताले बताउनुभयो ।

घटनापछि आरक्ष कार्यालयका कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीको टोलीले घटनास्थलमा गई अनुसन्धान शुरु गरेको छ । स्थानीयवासीले पटकपटक आरक्षबाट आउने जङ्गली जनावरको आतङ्कबाट आफूहरू प्रताडित भएको भन्दै नियन्त्रणका लागि माग गरेका छन् । दैनिक रुपमा आरक्षबाट आउने हात्ती, अर्ना, बँदेललगायत जनावरले बालीनाली नष्ट गर्नाका साथै स्थानीय समुदायको घरसमेत तोडफोड गर्ने गरेको र मानवीय क्षतिसमेत गर्दै आएको बताइएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*